# सोलुखुम्बु कृषि गतिविधि

**कृषि ज्ञान केन्द्र सोलुखुम्बुको द्वैमासिक प्रकाशन**

कृषि मूलश्च जीबनम्  The Solukhumbu Agricultrue Activities

बर्ष १ | अङ्क ६ | जेष्ठ-असार २०७७/७८



**संरक्षक :**

श्री दुर्गा बहादुर तिरुवा,
निमित्त प्रमुख

**सम्पादक :**

श्री बबि बस्नेत
बाली संरक्षण अधिकृत
श्री प्रदिप कुमार यादव
कृषि प्रसार अधिकृत
श्री कुल बहादुर राई
अधिकृत स्तर छैटौं
श्री आदर्श कुमार सिंह
प्राविधिक स्तर पाँचौं

**मुद्रण :**

ज्वालामाई अफसेट प्रेस
फोन नं. ०३८-५२०३८९
ईमेल :
ychamling@gmail.com


## सम्पादकीय

नेपालको कुल जनसंख्याको करिब दुई तिहाई जनसंख्या कृषि पेशामा आबद्ध रहेका छन्। कृषि तथा वन क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा प्रदेश न.१ ले मात्रै २७.०८ प्रतिशत योगदान गर्छ। संघिय लोकतान्त्रिक गणतन्त्रको निर्माण संगै संघ, प्रदेश र स्थानिय तह गरी तीन तहको सरकार रहेको विद्यमान संरचनामा प्रदेश सरकारको कार्यालय अन्तर्गत कृषि ज्ञान केन्द्र सोलुखुम्बुको स्थापना आ.व. ०७५/०७६ मा भएको हो। स्थानीय निकायहरुसंग समन्वय गर्ने तथा कृषि क्षेत्रमा व्यवसायिकरण आधुनिकरण गर्नुका साथै समग्र कृषि उत्पादनलाई प्रवर्द्धन गरि सोलुखुम्बु जिल्ला साथै समग्र देशलाई कृषिमा आत्मनिर्भर बनाउने यस कार्यालयको लक्ष्य हो। विषय विशेषज्ञहरुको टिम रहने ज्ञान केन्द्रमा स्थानीय स्तरमा आइपर्ने कृषकका समस्याहरुको प्राविधिक समाधान तुरुन्त उपलब्ध गराउने काम कृषि ज्ञान केन्द्र सोलुखुम्बुले गर्दै आएको छ। त्यसैगरी स्थानीय तहमा रहेका कृषि प्राविधिकहरुलाई समय समयमा उन्नत प्रविधिहरु सम्बन्धी क्षमता अभिवृद्धिका साथै कृषकलाई सिपमुलक तालिमहरु उपलब्ध गराउने जिम्मेवारी पनि ज्ञान केन्द्रले बहन गर्नुपर्ने हुन्छ।

स्थानीय समस्यामा आधारित भएर माटोको खाद्य तत्वको परीक्षण गर्ने Soil Minilab, प्रयोगशाला सेवाहरु, प्राविधिक र कृषकहरुको क्षमता विकास, कृषि इन्टर्न, कृषि तथ्याङ्कहरु संकलन, कृषि व्यवसाय विकास सहयोग, कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुदानका काम लगायत संघ र स्थानीय तह बिच सेतुको काम गर्ने जिम्मेवारी रहेको ज्ञानकेन्द्रले स्थापनाको सुरुवाती वर्षहरुबाट नै कार्य विवरण अनुसारकै कार्यहरु गर्दै आएको छ। संघीय संरचनामा मुलुक गएको परिपेक्षमा कृषि सेवा प्रवाहको सबै भन्दा सशक्त माध्यम हुन सक्ने, र तीनै तहका सरकारहरु बिचमा सेतुको काम गर्न सक्ने ज्ञानकेन्द्रहरुलाई सबैले अपनत्व लिदै यसलाई प्रभावकारी रुपमा सन्चालन गर्दै आवश्यकता अनुसार थप गर्दै लैजान सकेमा कृषि विकास मार्फत सम्वृद्ध नेपाल बनाउने सपनामा महत्वपूर्ण योगदान पुग्न सक्नेमा दुईमत छैन।


प्रदेश सरकार
प्रदेश नं. १
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र सोलुखुम्बु**

फोन नं. : ०३८-५२०१३०, ९८५२८५११३०
ई-मेल : akcsolukhumbu@gmail.com


### यस भित्र :-


- कृषि उपकरण र औजार वितरण कार्यक्रम
- व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग कार्यक्रमको फिल्ड अनुगमन
- नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रमको फिल्ड अनुगमन
- ब्लक विकास कार्यक्रमको अनुगमन
- कृषि क्षेत्रको प्रयास, अवस्था र व्यवस्था
- धान उत्पादनमा वृद्धि: खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि

## कृषि उपकरण र औजार वितरण कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार मिति २०७८/०३/०८ गते जिल्ला समन्वय समितिका प्रमुख श्री विर कुमार राई ज्युको अध्यक्षतामा ७५ प्रतिशत अनुदानमा ९५ जना कृषक, कृषक समुह, निजि फर्म/उद्यमी तथा व्यक्तिगत कृषकलाई कृषि उपकरण र औजार वितरण गरिएको थियो। कृषि उपकरण र औजार एसकेटी नेपाल प्रा.ली., कबिता एग्री प्रा.लि., प्रिसिइन्ट्रेड प्रा.ली. र बिटिएल प्रा.लि. बाट ल्याईएको थियो जसमा मिनिटिलर ५९ वटा मल्टिक्रप थ्रेसर २१ वटा, कर्न स्लेर ३ वटा, ब्रस कटर १० वटा, पावर स्पेयर २ वटा कृषकलाई प्रदान गरिएको थियो।









## व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग कार्यक्रमको फिल्ड अनुगमन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार जेठ र असार महिनामा व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग कार्यक्रम अन्तरगत अनुदान प्राप्त कृषक फार्मको अनुगमन गरिएको थियो।

| क्र.स. | कृषक फार्मको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | सगरमाथा बहुउदेशिय कृषि फर्म | थुलुङ दुधकोशी गाउँपालिका-३ | कागती |
| २. | समता बहुउदेशिय कृषि तथा पशु फर्म | नेचासल्यान गा.पा.-३ | केरा |
| ३. | जिमी बहुउदेशिय कृषि फर्म | नेचासल्यान गा.पा.-४ | सुन्तला |
| ४. | अम्बर नर्सरी फर्म | थुलुङ दुधकोशी गाउँपालिका-८ | सुन्तला |
| ५. | राम्लिहाङ बहुउदेशिय कृषि तथा पशु फर्म | थुलुङ दुधकोशी गाउँपालिका-६ | सुन्तला |
| ६. | जेवी कृषि फर्म | माप्पे दुधकोशी-४ | सुन्तला |
| ७. | सालोम बहुउदेशिय कृषि तथा पशु फर्म | माप्पे दुधकोशी-५ | सुन्तला |
| ८. | माथिल्लो बाहुण्डी कृषि तथा पशु फर्म | थुलुङ दुधकोशी गाउँपालिका-२ | सुन्तला |









## नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रमको फिल्ड अनुगमन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार जेठ र असार महिनामा नमुना कृषि फार्म सहयोग कार्यक्रम अन्तरगत अनुदान प्राप्त कृषक फार्मको अनुगमन गरिएको थियो।

| क्र.स. | कृषक फार्मको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | चैलुङ मगर बहुउदेशिय कृषि तथा पशु फर्म | सो.दु.न.पा. -११ | तरकारी |
| २. | थापा अर्गानिक बहुउदेशिय कृषि तथा पशु फर्म | थुलुङ दुधकोशी गाउँपालिका-१ | तरकारी |
| ३. | नयाँ बस्ति कृषि फर्म | थुलुङ दुधकोशी गाउँपालिका-७ | मौरी |
| ४. | पाथिभरा पशु तथाकृषि फर्म | सोताङ गाउँपालिका-४ | तरकारी |
| ५. | नोक्छो बहुउदेशिय कृषि तथा पशु फर्म | महाकुलुङ गाउँपालिका-५ | तरकारी |
| ७. | दिव्य कृषि तथा पशु फर्म | सो.दु.न.पा. -११ | तरकारी |
| ८. | दुधकुण्ड फर्म | सो.दु.न.पा. -११ | तरकारी |









## ब्लक विकास कार्यक्रमको अनुगमन

### नयाँ ब्लक

| क्र.स. | ब्लक विकास कार्यक्रम संचालन भएका स्थानीय तहको नाम | वडा. न. | बाली | क्षेत्रफल (रोपनि) |
|---|---|---|---|---|
| १. | सोलुदुधकुण्ड नगरपालिका | ६,७ | आलु | ३० |
| २. | माप्य दुधकोशी गाउँपालिका | ४,५ | आलु | ३० |
| ३. | खुम्बु पासाङ ल्हमु गाउँपालिका | १,४ | आलु | २० |
| ४. | लिखुपिके गाउँपालिका | १,४ | चिया | ३० |

### पुरानो ब्लक

| क्र.स. | ब्लक विकास कार्यक्रम संचालन भएका स्थानीय तहको नाम | वडा. न. | बाली | क्षेत्रफल (रोपनि) |
|---|---|---|---|---|
| १. | नेचा सल्यान गाउँपालिका | १ | आलु | ५० |
| २. | सोताङ गाउँपालिका | ४ | आलु | ५० |
| ३. | महाकुलुङ गाउँपालिका | १ | आलु | ५० |
| ४. | थुलुङ दुधकोशी गाउँपालिका | ४,५ | कागति | २०० |

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत २०७७/७८ मा संचालन भएका नयाँ ब्लक तथा २०७६/७७ मा संचालन भएका पुराना ब्लक विकास कार्यक्रमको जेठ र असार महिनामा फिल्डमै गएर अनुगमन गरियो ।








**दुर्गा बहादुर तिरुवा**
**नि.प्रमुख**
**कृषि ज्ञान केन्द्र, सोलुखुम्बु**



## कृषि क्षेत्रको प्रयास, अवस्था र व्यवस्था

कृषि प्रधान देश नेपालको करिव ६५ प्रतिशत रोजगारीको अवसर कृषि क्षेत्रले प्रदान गर्दछ भने जीडीपीमा करिव २७ प्रतिशत योगदान रहेको छ । नेपाली अर्थतन्त्रको प्रमुख क्षेत्रमा कृषिको ठुलो भूमिका रहेको छ । नेपालमा आधुनिक कृषि विकासको ऐतिहासिक थालनी राणाकालीन प्रधानमन्त्री जंग बहादुर राणासँग जोडिएको पाईन्छ । उनले नै वि.सं १९०७ तिर बेलायत र फ्रान्सबाट फलफुल तथा आलंकारीक बोटबिरुवा, क्लोभर घाँसको बीउ, जर्सी साँढे र केही जर्सी गाई सर्वप्रथम नेपालमा भित्र्याएको विश्वास गरिन्छ । यसैगरी कृषि विकासको इतिहाससँग जोडिएको अर्को राणाकालीन नाम हो श्री ३ चन्द्र शमशेर, उनीद्वारा सर्वप्रथम वि.सं १९७८ मा कृषि अड्डाको स्थापना भयो र उक्त कृषि अड्डालाई  वि.सं १९८२ मा कृषि विभागमा परिणत गरी कृषि विकासको थालनी भएको थियो । तत्पश्चात, वि.स. २०३० सालमा खाद्य कृषि तथा सिँचाई मन्त्रालय, वि.स. २०३७/३८ सालमा कृषि मन्त्रालय, वि.स. २०५५/५६ सालमा कृषि तथा सहकारी मन्त्रालय, वि.स. २०६० सालमा कृषि विकास मन्त्रालय, वि.स. २०७२ सालमा कृषि विकास मन्त्रालय र पशुपन्छी मन्त्रालय, वि.स. २०७५ सालमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र वि.स. २०७६ सालमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय स्थापना भयो जसको लक्ष्य व्यावसायिक एवम प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवम दीगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुर्याउने रहेको छ। वि.स. १९७८ मा कृषि अड्डाको स्थापना भए देखि हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालयको स्थापना हुदा सम्म विभिन्न आयोजना, नीति नियम तथा रणनीतिहरु समग्र कृषि क्षेत्रको विकास गर्नको लागि  लागु भएका छन । त्यसै गरी विभिन्न एनजिओ तथा आइएनजीओ मार्फत कृषिमा नया प्रविधिको प्रचार प्रसार गर्ने तथा कृषकहरु लाई सक्षम बनाउने प्रयासहरु धेरै भएको पाइन्छ। त्यसैगरी वि.स. २०१३ साल देखि पञ्चवर्षीय योजनाको शुरुवात भयो र पाचौ पञ्चवर्षीय योजना देखि प्राथमिकतामा पर्दै आएको र आठौ पञ्चवर्षीय योजना देखि लक्ष्य प्राप्तको सुचाङ्कको शुरुवात पनि भयो। दिर्घकालीन कृषि योजना (१९९५–२०१५) बाट पनि सोचेअनुसारको लक्ष्य प्राप्त गर्न सकिएन र बिस वर्षे कृषि विकास रणनीति (२०१५–२०३५) लागु भएको छ। त्यसै गरि १० वर्षे प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लागु भएको छ जसको सोच, स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट तयार भएको कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा रहेको छ। त्यसै गरि यो परियोजनाले पकेट,

ब्लक, जोन र सुपरजोनको अवधारणको मार्फत स्थानविशेष अनुसारको कृषि उत्पादनलाई जोड दिएको छ । कृषि क्षेत्रमा हुन सक्ने जोखिमलाई न्युनीकरण गर्नको लागि वि.स. २०६९ माघ १ गते देखि बाली तथा पशुपंक्षी बीमाको शुरुवात भयो । त्यसै गरी कृषि क्षेत्रको समग्र विकास, कृषक सामु नया प्रविधिहरुको पहुच होस भन्ने उदेश्यले विभिन्न  कृषि प्रसारका तरिका तथा पद्धितहरुको लागु भएको छ । कृषि क्षेत्रलाई अझ बलीयो बनाउनको लागि कृषि उत्पादन एवम उत्पादकत्वमा वृद्धि, व्यवसायिक तथा प्रतिस्पर्धात्मक बजार बनाउने र प्राकृतिक स्रोत साधान, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा सदुपयोग गर्ने उदेश्यले राष्ट्रिय कृषि नीति, २०६१ लागु भयो । हाल कृषि क्षेत्रको समग्र विकासको लागि कृषि विकास रणनीति, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तथा दीगो विकासका लक्ष्य आदी संचालनमा आएका छन भने विभिन्न कृषि कार्यालयहरुले विभिन्न किसिमका कार्यक्रमहरु प्रत्येक वर्ष संचालनमा ल्याएका छन । मलाई लाग्छ कृषि क्षेत्रमा सुधार र परिवर्तन गर्नको निम्ती सा–साना कार्यक्रम देखि ठु–ठुला आयोजनाहरु संचालन मै आएको देखिन्छ तर सोच, लक्ष्य अनि उदेश्य पुरा गर्न भने हामी असफल नै छौ । आखिर किन देशको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको अवस्था दयनिय छ ??? अमेरीकामा करिव २ प्रतिशत व्यक्तिहरु कृषि पेशामा संलग्न छन् र करिब १,६८,१८२ हेक्टर जमिनमा खेति गर्दछन् तर हाम्रो देशमा ६५ प्रतिशत कृषि पेशामा संलग्न छन् र ३०,९१००० हेक्टर खेतियोग्य जमिन हुदा पनि कृषिजन्य बस्तुको आयतको दर हेर्दा लाजमर्दो र दुखदायी छ । कृषि पढेका धेरै जसो प्राविधिकहरु वेरोजगारी भएर बसेका छन भने सा–साना कृषकहरु आफ्नो उत्पादनलाई बजार सम्म पुराएर उचित मुल्य प्राप्त गर्न सकेको छैन्न् । सजिलो भन्दा पनि बाधा र अड्चनहरु नै धेरै भयो हाम्रो कृषि क्षेत्रमा, कसरी हुन्छ सहजीकरण गरौ भन्ने प्रकारको नीति नियमको लागु भने कमै भएको देख्दछु । कृषि पढेका प्राविधिकहरुलाई परिचालन गर्न सकिएको छैन् ,कृषकका उत्पादनलाई समर्थन मुल्य दिन तथा बजार सुनिश्चित गर्न सकिएको छैन । एउटा कृषकलाई उत्पादन गरी मुनफा लिनका निम्ती अति आवश्यक पर्ने कुराहरु, बिउ मल, प्राविधिक ज्ञान सुझाव सल्लाह, सिंचाई, बाटो, बजार अनि बत्ति आदी हुन । हाम्रो धेरै किसानहरु यी अति आवश्यक कुराको पहुचबाट बञ्चित रहेको अवस्था छ । अनुदानमा प्राप्त गरेका कृषकहरुलाई पनि अनुदान एक भाग्य चिठ्ठा जस्तो सोचेर कार्यक्रम अनुसारको काम गर्दैन् । कृषि विज्ञहरु पनि आफ्नो ज्ञान र सिपलाई पुर्णरुपमा सदुपयोग गर्न सक्नु भएको छैन् । धेरै जसो कृषिका कार्यालयमा दरबन्दि अनुसारका कर्मचारीहरुको अभाव रहेको अवस्था छ । कृषि सग जोडीएका निकायहरु जस्तै मन्त्रालय, नार्क, स्थानीय तहको कृषि शाखा र कृषि अध्यापन हुने विभिन्न विश्वविद्यालय तथा कलेजहरुको विच कुनै समन्वय नै छैन । नार्कले कृषकको चाहाना अनि आवश्यकताका आधारमा अनुसन्धान गरेको प्रविधिलाई मन्त्रालय तथा विभागले प्रचार प्रासार गर्ने हो, तर हाम्रो कार्यक्रमहरु कृषकको आवश्यकता भन्दा पनि बजेटको आधारमा गर्ने गरेको पाइन्छ । कृषकले बजारमा कुन बाली तथा बस्तुको माग कति बेला कति मात्रामा हुन्छ भनेर थाहा नै हुदैन, आफ्नो ज्ञान सिप तथा अनुभवको आधारमा बाली तथा बस्तु उत्पानद गर्ने गर्दछ फलस्वरुप कृषकको उत्पादनले सचित मुल्य प्राप्त गर्न सक्दैन् । कृषिजन्य बस्तुको करिब ९० प्रतिशत दैनिक उपभोग तथा प्रयोग गर्दछौ तर व्यवस्थीत कसरी गर्ने भन्ने कुरामा जनता देखि सरकार सम्मले सोचेको भने कमै छ । एक कठ्ठा वा एक रोपनीमा उत्पादन गर्ने कृषक देखि सयौ विघा सम्म उत्पादन गर्ने कृषकले पनि बजार पाउनु पर्ने वातावरणको सृजना छैन । आयातलाई कम गरी निर्यातलाई बढाउने प्रकारको कार्यक्रमहरु पनि कमै छन् । हाम्रो देश नेपालमा हामीलाई आवश्यक पर्ने कृषिजन्य बालीवस्तु लगभग सबै नै हुन्छ तर पनि भारतबाट दैनिक रुपमा विषादीयुक्त तरकारी उपभोग गर्नु परेको छ । कृषि क्षेत्रको अवस्था हेर्ने हो भने धेरै नै नाजुक रहेको छ, ६० प्रतिशत मरुभूमी भएको देश इजरायलले कृषि उत्पादन गरेर औषतमा ६०/७० प्रतिशत तरकारी तथा फलफुल निर्यात गर्न समेत सक्षम छ । हाम्रो देशको धान प्राङगारी उत्पानद भएकोले गर्दा सन् १९७०/८० मा निर्यात हुने हुन्थीयो तर आज हामी न त प्राङगारी खेति प्रविधिलाई संरक्षण नै गरेका छौ न त अमेरिका तथा इजरायल जस्तो अधुनिकिकरण तथा यान्त्रिकरणमा जान सकेको छौ । सामान्य कृषकलाई कसरी हुन्छ व्यवसायीक कृषक बनौ र कृषकहरु पनि व्यवसायीक कृषक बन्ने कासीस गरौ यो होइन की राज्यको अनुदान रकमलाई भाग्य चिठ्ठा नसोचौ । सर्वप्रथम त कृषि क्षेत्रमा लागु भैरहेको अनुदान रकम होइन की अनुदान ऋणको व्यवस्था गर्नं पर्दछ । स्थानीय सरकारले हरेक वडा वडा देखि पालीकाको कृषि शाखा सम्ममा कृषि प्रविधिकको दरबन्दी पुरा गरौ, हाल धेरै प्राविधिक साथिहरु बेराजगार हुनुहुन्छ । अर्को कुरा स्थानीय सरकारले बाटो, बत्ति, सिचाई र बजार व्यवस्थापन गर्ने गर्नु पर्दछ त्यस पछि प्राविधिकले कृषकहरुलाई नया प्रविधि तथा ज्ञान दिएर उत्पानद बढाउने काम गरौ । हाम्रो जिजुबाजे देखि गर्दै आएको कृषि कर्म अति नै प्राङगारिक योग्य छ तसर्थ यसलाई संरक्षण, सम्वर्द्धन र सदुयोग गरौ । हाम्रो देश नेपालको खेति योग्य जमिन (३०९१००० हेक्टर) को आधारमा तथा जनसंख्याको मागको आधारमा उत्पादन गर्ने प्रकारको कार्यक्रम संचालन गरौ । कार्यरत कृषि प्राविधिकहरुलाई पुनरताजकी होस भन्ने उदेश्यले बेला बेलामा तालिम दिने र भ्रमण जाने व्यवस्था गर्नु पर्दछ । सर्वप्रथम प्राविधिकहरु विषयवस्तुमा पोख्त हुन जरुरी छ । प्राविधिक कर्मचारीहरुलाई उच्च

मनवल होस भन्ने उदेश्यले तथा नया कुरा सिकोस भनेर बेला बेलामा एक्सपोजर गराउनु पर्दछ। नार्क, स्थानीय कृषि शाखा, ज्ञान केन्द्रहरु तथा कृषि मन्त्रालय मातहतका कार्यालय बीच समन्वयको वातावरण बनाउनु पर्दछ। डोकोमा विक्रि गर्ने कृषक देखि सुपरमार्टमा विक्रि गर्ने कृषकको मुल्याङकन गर्न सक्नु पर्दछ। हालको तीन वटा नै सरकार का कृषि कार्यालय बीच समन्वय हुन अति आवश्यक रहेको छ। अनुदान पाउने कृषक तथा कार्यक्रमहरुको दोहोपन नियन्त्रण गर्न किसान सुचिकरण प्रविधिलाई मजबुत बनाउनु पर्दछ। स्थान विशेष अनुसारको रैथाने बालीवस्तुलाई संरक्षण गर्ने गरौ र आवश्यकताको आधारमा कृषकको घर घरमा गएर प्रविधिको विस्तार गर्ने कार्यक्रम संचालनमा गर्ने गरौ। उत्पादन मात्र बढाउन होईन की उत्पादन भएका बालीवस्तुको सजिलै विक्री वितरण हुने वातावरणको सृजना गर्नु पर्दछ। हाम्रो देशमा उत्पादन हुने बढी मुल्य कम ओजनका बालीवस्तुहरुको उत्पादन तथा निर्यातमा बढी जोड दिन अति नै आवश्यक रहेको छ। कृषि क्षेत्रको तथ्याङ्कलाई बलीयो बनाउनको लागि विभिन्न प्रकारका सफ्टएर (जी.पी.एस.) तथा एप्लीकेशनहरु (हाम्रो कृषि, कृषि गुरु आदी) प्रयोगमा ल्याने गरौ। कृषकको आवश्यकता को आधारमा मात्र तालीम दिने र प्रविधिको प्रचार प्रसार गरौ। परिवर्तीत जलवायुसग अनुकुलन हुनको लागी असल कृषि अभ्यास, जलवायुमैत्री कृषि प्रविधि आदीको अवलम्बन गर्ने कार्याक्रमहरुको संचालन गरौ। कृषि क्षेत्र र समग्र राष्ट्रको विकास हुनको लागि कृषकले भित्री मन देखी काम गर्ने सक्ने र सहजीकरण हुने कार्यक्रमको व्यवस्था गरौ र प्राविधिकहरु लाई कृषि विज्ञ बनाउने कार्याक्रम संचालन गरौ।

**बबि बस्नेत**
**वाली संरक्षण अधिकृत,**
**कृषि ज्ञान केन्द्र सोलुखुम्बु**



## धान उत्पादनमा वृद्धिः खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि

१८ औंराष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव २०७८ को नारा - "धान उत्पादनमा वृद्धिः खाद्यसुरक्षा, आत्मनिर्भरता र समृद्धि" प्रत्येक वर्ष असार १५ गते मनाइने धान दिवस आज खेतमा काम गरी दही च्युरा खाएर मनाइँदैछ। १८ औं धान दिवस तथा रोपाई महोत्सवको नारा-"**धान उत्पादनमा वृद्धिः खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि**" रहेको छ। वि.स. २०६१ मङ्सिर २९ गते मन्त्रिस्तरीय निर्णय गरी २०६२ असार १५ गतेदेखि राष्ट्रिय धान दिवस मनाउन थालिएको हो। कृषि प्रधान देश भएकाले नेपालका अधिकांश मानिसको पेशा खेतीपाती हो। किसान वर्षभरका लागि छाक जुटाउन यो महिना खेतीमा व्यस्त हुन्छन्। आजका दिन असारे भाकामा लोकदोहोरी गाउँदै छुपुछुपु हिलोमा धान रोपिन्छ। 'छुपु र छुपु हिलोमा धान रोपेर छोडौंला, बनाई कुलो लगाई पानी आएर गोडौंला जस्ता लोक लयका गीत गाएर खेतमै रमाइलो पनि गरिन्छ। मध्य गर्मीको यो समयमा युवा लाठे र युवती रोपाहारले खेतका गराको हिलो छ्यापाछ्याप गरेर मनोरञ्जन गर्छन्। कामको चटारोले थकित भएका किसान शक्ति प्राप्तिका लागि दही च्युरा खान्छन्। यसबेला दही च्युराले शरीरमा शीतलता भई शक्ति सञ्चय हुने विश्वास गरिन्छ। असार १५ लाई नेपाली समाजमा दही च्युरा खाने पर्वका रुपमा पनि लिइन्छ। खेतीपाती बाहेक अन्य पेशा र व्यवसायमा लागेका नेपालीले पनि आज दही च्युरा खाई असार १५ मनाउँछन्। हाम्रो संस्कृतिमा दहीको स्थान महत्वपुर्ण छ। शुभ कार्यका लागि घर बाहिर निस्कने, विदेश जाने आदि महत्वपुर्ण काम गर्नु अघि दही अक्षता मुछेर निधारमा रातो टीका लगाउने परम्परा छ। यस्ता शुभकाममा निस्कनु अघि सगुनका रुपमा पनि दही खुवाएर बिदाइ गरिन्छ। निस्कने बेलामा दही खाएर हिँडे साइत पर्ने जनविश्वास रही आएको छ। वैज्ञानिक दृष्टिले पनि दही स्वास्थ्यवर्धक मानिन्छ। गुरु गोरखनाथले नेपालको एकीकरणगर्दा पृथ्वीनारायण शाहलाई

दही खान दिएर पराक्रमी हुने भविष्यवाणी गर्नु भएको थियो भनिन्छ । आयुर्वेदमा भोजनको अन्त्यमा दही मथेर बनाएको मोही पिएमा औषधि उपचारका लागि स्वास्थ्यकर्मीकहाँ जानु नपर्ने बताइएको छ। दहीले पाचन शक्ति पनि बढाउँछ । पखाला लागेका बेला दही च्युरा खाएमा औषधिको काम गर्छ। यसैले दही च्युरा खाने संस्कारले नेपाली संस्कृतिमा बृहदरुप लिएको छ। यसरी असार १५ गते नेपाली समाजमा राष्ट्रिय सांस्कृतिक पर्व बन्न सफल भएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्क हेर्ने हो भने आर्थिक वर्ष २०७७/७८ मा ५६ लाख २१ हजार ७ सय १० टन धान उत्पादन भएको छ। अघिल्लो वर्ष ५५ लाख ५० हजार ८ सय ७८ टन धान उत्पादन भएकोथियो। उत्पादन ७० हजार ८ सय ३२ टनले बढेपनि आयात भने प्रशस्तछ। आर्थिक वर्ष २०७७/७८ मा वर्षे धान उत्पादन बढे पनि आत्मनिर्भर हुन अझै १० लाख टन अपुग रहेको देखिएको छ। मन्त्रालयका अनुसार धानको उत्पादकत्व गत वर्षको तुलनामा ०.२८ प्रतिशत बढेर ३.८२ पुगेको छ। धानको उत्पादकत्व हाल सम्मकैउच्चहो। चालु आर्थिक वर्षको पहिलो चार महिनामै ३ लाख ४६ हजार १ सय ६१ टन आयात भएको भन्सार विभागको तथ्यांक छ। चामल मुख्यतःभारतबाट आयात हुन्छ। उपभोक्ताको आयस्तर बढेकाले मीठोमसिनो खाने बानीले बर्सेनि आयात बढेको छ। उत्पादन र आयातको तथ्यांकले धानमा आत्मनिर्भ रहुन अझैसमय लाग्नेदेखाउँछ। तथ्याङ्क हेर्दा वार्षिक ६ लाख टनच( ामल अपुगहुने अनुमान लगाउन सकिन्छ। जनसंख्या बढेसँगै चामलको माग पनि बढ्दो छ। नेपालमा अझै पनि धान खेति गर्न सबै क्षेत्रमा सिचाईको सुबिधा छैन। अझै पनि बर्षाको पानीमा भर पर्नुपर्ने बाध्यात्मक अवस्था छ जसले गर्दा सोचे अनुरूप उत्पादन हुन सकेको छैन। कहिले लामो समयसम्म पर्ने खडेरी त कहिले आउने बाढीले धान उत्पाद( नमा नकारात्मक असर पुर्याईरहेको छ। उन्नत धानको बिउ र आधुनिक प्रविधिको सहि तरिकाले उपयोग हुन नसक्दा पनि सोचे अनुरुप उत्पादन लिन नसकिरहेको अवस्था छ। समयमा किसानले मल र बिउ नपाउनु पनि उत्पादन नबढ्नुको कारण हो। यसका वाबजुत यो बर्ष जुम्लाको मार्सी चामल भने क्यानडा निर्यात गरिएको छ।उत्पादनका साथै गुणस्तर कायम गर्न सकै हाम्रो नेपालको चामल निर्यात हुनुमा कुनै दुविता छैन। तसर्थ स्थानिय सरकार, प्रदेश सरकार र संघिय सरकारका साथै कृषि संग जोडिएका सघं-सस्थाहरु एक आपसमा समन्वय गरी धान उत्पादन वृद्धि गर्ने कार्यमा बढ्नु भन्दा अरु विकल्प छैन ।

